**शीर्षक:** टूबले ग्रेटर रश्मूर नेपाली कम्युनिटी केन्द्रलाई पूर्ण-फाइबर ब्रोडब्यान्ड दानको साथ सहयोग गर्दैछ।

**उपशीर्षक:** पूर्ण-फाइबर ब्रोडब्यान्ड प्रदायक टूबले आफ्नो ९०० एमबीपीएस सेवा ग्रेटर रश्मूर नेपाली कम्युनिटी केन्द्रलाई दान गरेको छ ।

**टाइल शीर्षक:** टूबले नेपाली सामुदायिक केन्द्रलाई पूर्ण-फाइबर ब्रोडब्यान्ड सेवा दान गर्यो ।

**प्रतिलिपि:**

टूब पूर्ण-फाइबर ब्रोडब्यान्डले आफ्नो अत्यन्तै छिटो ९०० एमबीपीएस सेवा अल्डरशटमा अवस्थित भएको ग्रेटर रश्मूर नेपाली कम्युनिटी (जीआरएनसी) केन्द्रलाई दान गरेको छ ।

२००३ मा स्थापित र भिक्टोरिया रोडमा अवस्थित भएको, जिआरएनसिले नेपाल बाट भर्खरै आउनु हुने व्यक्तिहरुलाई सहयोग, बेलायतको जीवनको बारेमा जानकारी र अंग्रेजी भाषा सत्रहरु प्रदान गर्दछ, र गोरखा वेलफेयर सेन्टर, रश्मोर बरो काउन्सिल, र अन्य स्थानीय र क्षेत्रीय संस्थाहरुसँग सहकार्य गर्दछ।

यस केन्द्रले धेरै सामुदायिक-नेतृत्वमा विभिन्न परियोजनाहरू पनि सञ्चालन गर्दछ, जसमा प्रोजेक्ट टुगेदर: नेपाली बासिन्दाहरूलाई भाषा र डिजिटल बाधाहरु पार गर्न सहयोग गर्ने योजना, अल्डरशट क्षेत्रका नयाँ आगुन्तकहरुको लागि एक परिचय कार्यक्रम, र भलाई कक्षाहरु पर्दछ ।

टूबको यो पहलले हाम्पशायर अवस्थित यो केन्द्रलाई एक भरपर्दो र अत्यन्त छिटो ब्रोडब्यान्ड प्रदान गर्दछ । यो पहुँचयोग्य वाइफाइ जडानले नेपाली समुदायका सदस्यहरुलाई ९०० एमबीपीएस गतिको सुविधा दिन्छ - यसले डिजिटल समावेशितामा अझ बढी सघाउँछ, नेपालमा भएका परिवार र साथीहरुसँग सजिलै सम्पर्क गर्न र अनलाइन सेवाहरुमा पहुँच दिन्छ ।

निक पारबट, टूबको प्रमुख कार्यकारी अधिकित र संस्थापकले भने: "ग्रेटर रश्मूर नेपाली कम्युनिटीले अल्डरशटका बासिन्दाहरुलाई आवश्यक सहयोग पुर्याउँछ र केन्द्रलाई हाम्रो सेवा दान गर्न पाउनु एक विशेषाधिकार हो ।"

"सबैलाई छिटो र किन्न सक्ने ब्रोडब्यान्ड जडानको पहुँच हुनु पर्छ भन्ने धारणामा हामी बिश्वास गर्दछौ र यो योगदानले समुदायमा भएको डिजिटल अन्तरलाई घटाउन मद्दत गर्नेछ।"

ट्रस्टी ग्यारी घले ले भने: "हामी टुबको ब्रॉडब्यान्ड पाउँदा अत्यन्त खुशी छौं।"
"पहिले, हामीसँग त्यस्तो ब्रॉडब्यान्ड थिएन जुन केन्द्र प्रयोग गर्नेहरूका लागि उपयुक्त हुन्थ्यो, त्यसैले यस दानले मानिसहरूलाई नेपालमा परिवार र साथीहरूसँग जडान हुन मद्दत गर्नेछ र यसले इन्डक्शन, अंग्रेजी भाषा कक्षा र कल्याण सत्रहरूमा पनि लाभ पुऱ्याउनेछ।"

टूबले समाजको समर्थन गरेको इतिहास नै छ र यो कामलाई निरन्तरता दिनको लागि द्रढ महसुस गर्छ। वर्षौंदेखि पूर्ण-फाइबर प्रदायकले चन्दा संकलन, कार्यक्रम, र प्रायोजनहरु मार्फत धेरै परोपकारी संस्थाहरुलाई समर्थन गरेको छ। टूबले आफ्नो पूर्णफाइबर ब्रोडब्यान्ड महत्वपूर्ण केन्द्रहरुमा पनि स्थापना गरेको छ, जसमध्ये अल्डरशटको कम्यूनिटी ग्रब हब, र यसको स्थानहरुमा रहेका स्काउट समूह र युवाहरुको केन्द्रहरु समावेश छन्।

समुदायमा टूबको बारेमा अधिक जानकारी पाउनको लागि यहाँ क्लिक गर्नुहोसः here.